# पाँचौं आवधिक योजना २०३२/०३३ - २०३६/०३७ मा हुलाक

## परिच्छेद २०

## हुलाक

सञ्चार साधनहरु मध्ये नेपाल जस्तो देशको लागि हुलाक सेवाको विकास र विस्तार हुनु ज्यादै आवश्यक छ। आजको हुलाक सेवाको क्षेत्र पहिले जस्तै चिठ्ठी पत्रको आदान प्रदानमा मात्र सीमित नरही कतिपय आर्थिक तथा सामाजिक क्षेत्रहरुमा पनि यसबाट सघाउ पुग्न गएको छ। नेपालमा हुलाक अड्डाको प्रारम्भ वि.सं. १९३५ सालमा भएको हो। हुलाक सेवाको क्रमिक विकास भई चौथो योजनाको अन्त्य सम्ममा गोश्वारा हुलाक १,१२६ वटा छोटी हुलाकबाट ७४ जिल्ला हुलाक कट्टा गरी ५२ वटा छोटी हुलाक, जिल्ला हुलाक ७४, शाखा हुलाक २०३ वटा छोटीमा परिणत भएको, अतिरिक्त हुलाक ७०१, डाँक रेखा ६२, आन्तरिक धनादेश सेवा १४, बचत बैंक सेवा ४ हुने देखिन्छ।

### (क) उद्देश्यः

पाँचौं योजनामा हुलाक सेवाको मुल उद्देश्य राष्ट्रिय सञ्चार योजना अनुरुप हुलाक व्यवस्थालाई छिटो, छरितो र देशव्यापी बनाई राष्ट्रिय एकतालाई बढी सुदृढ गर्नुको साथै राष्ट्रिय विकासको लागि आवश्यक हुलाक सेवा उपलव्ध गराउनु हुनेछ। यसतर्फ खास खास उद्देश्यहरु निम्न प्रकारका हुनेछन्।

१. हुलाकहरुको संख्यात्मक वृद्धि मात्र नगरी भइरहेको हुलाकहरुलाई आवश्यकता अनुसार सुदृढीकरण गरी बढी जनसंख्यालाई हुलाक सेवा प्रदान गर्न।
२. विगत योजनाहरुमा झैं केवल चिठ्ठीको आदान प्रदानमा मात्र हुलाक सेवालाई सिमित नराखी आर्थिक तथा सामाजिक सेवा जस्तै धनादेश सेवा, हुलाक आदेश सेवा आदि सेवाहरुको प्रारम्भ तथा विस्तार गरिने छ।
३. विश्व हुलाक संघको नियम र परिपाटी बमोजिम अन्तर्राष्ट्रिय हुलाक सेवामा बृद्धि गराइने छ।

### (ख) नीतिः

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्न पाँचौं योजनामा तल दिइएका नीतिहरु अपनाइने छन्।

१. श्री ५ को सरकार तथा जनसाधारणका निमित्त आवश्यक देशव्यापी हुलाक व्यवस्थाको विकास गर्ने।
२. हुलाक सेवालाई आर्थिक दृष्टिकोणबाट आत्मनिर्भर बनाउन यथाशक्य प्रयास गर्ने।
३. का.स. व्यवस्थालाई पूर्ण रुपले उन्मुलन गर्ने।

४. हुलाकहरु स्थापना गर्दा जनसंख्याको अतिरिक्त क्षेत्रीय सन्तुलनको दृष्टिकोण पनि अपनाइने छ।
५. सरकारी हुलाकहरु जस्तै छोटी हुलाक, जिल्ला हुलाकलाई यथासम्भव सरकारी भवनमा राख्ने व्यवस्था मिलाइने छ।
६. दुई जिल्लाको सदरमुकामहरुलाई लघुतम दूरी कायम गर्ने किसिमबाट डांक परिवहन गर्ने कार्यमा उपलव्ध साधनद्वारा हुने सम्म छिटो गराउन हवाई सेवा चालू भएको ठाउँमा विमानद्वारा र मोटर सवारी उपलव्ध स्थानमा सवारी साधन द्वारा डाँक चलाइने छ।
७. विभिन्न हुलाक सेवा विस्तार सर्वेक्षणको आधारमा धनादेश सेवाको व्यवस्था गरिने छ।
८. सिधा डांक आदान प्रदान गर्ने व्यवस्था हालसम्म केही मुलुकहरुमा मात्र भएकोमा पाँचौं योजनाकालमा नेपालसंग आदान प्रदान हुने हुलाक वस्तुको परिमाणको आधारमा आवश्यक ठहरिएका सबै मुलुकहरुसंग सिधा डांक आदान प्रदानको व्यवस्था मिलाइने छ।
९. हुलाक सेवा बढी सक्षम गर्न हुलाक प्रशिक्षण क्षमतामा बृद्धि गराइने छ र घुम्ती टोलीहरुबाट अल्पकालीन तालीम प्रदान गरिने छ।

### (ग) प्राथमिकताः

उपरोक्त उद्देश्य तथा नीतिहरुको आधारमा पाँचौं योजनाकालमा सञ्चालन गरिने हुलाक आयोजनाहरुलाई निम्न किसिमको प्राथमिकता दिइएको छ।

१. हुलाक विस्तारको सन्दर्भमा सरकारी हुलाक भन्दा अतिरिक्त हुलाक खोल्नलाई बढी प्राथमिकता दिने।
२. छोटी हुलाकको स्थापना तथा डांक रेखा विस्तार गर्ने।
३. हुलाक भवन निर्माण र डांक परिवहन व्यवस्था गर्ने।
४. आन्तरिक तथा अन्तर्राष्ट्रिय हुलाक सेवा विस्तार गर्ने।
५. हुलाक प्रशिक्षणलाई बढी सक्षम गर्ने।

### (घ) लक्ष्यः

तेश्रो योजनाको शुरुमा एक हुलाकको सरदर ४३,६२० जनसंख्यालाई हुलाक सेवा पुऱ्याएकोमा चौथो योजनाको अन्त्यसम्ममा १ हुलाकले सरदर १२,४१७ जनसंख्यालाई हुलाक सेवा उपलब्ध गर्ने अनुमान गरिएको छ। हुलाक र जनसंख्याको अनुपात अझ सानो पारी हाम्रो साक्षरता र शैक्षिक स्तर अनुरुप हुने किसिमबाट यसलाई घटाउँदै लगि प्रति हुलाकले १०,००० जनसंख्या सम्मलाई सेवा उपलब्ध गराउनाका साथै हुलाकले ४४ वर्गमील भूमिमा वसोवास गरेको जनसंख्यालाई सेवा पुऱ्याउने लक्ष्य छ। यसबाट नेपाल पनि विश्व संस्थाबाट निर्धारित लक्ष्य भन्दा

धेरै पछाडी पर्ने छैन। यसको अतिरिक्त हुलाक वस्तु सञ्चालनमा प्रतिवर्ष १० प्रतिशतले वृद्धि गर्ने लक्ष्य निर्धारण गरिएको छ।

### (ङ) कार्यक्रमः

माथि उल्लेख गरिएका उद्देश्य तथा लक्ष्यहरु प्राप्त गर्न पाँचौं योजना अवधिमा हुलाक सम्बन्धी निम्नलिखित ९ वटा आयोजनाहरु सञ्चालन गरिने छन्।

#### १. छोटी हुलाकः

छोटी हुलाकको स्थान हुलाक सेवाको लागि अत्यन्त महत्वपूर्ण छ। यो जिल्ला हुलाक पछिको पूर्ण सरकारी हुलाक हो। छोटी हुलाकले आफ्नो क्षेत्र भित्रको अतिरिक्त हुलाकलाई चाहिने आवश्यक टिकट आदि सम्पूर्ति गर्नुको साथै हुलाक वस्तुको आदान प्रदानको कार्य गर्दछ।

चौथो योजनाको अन्त्य सम्ममा १२६ वटा छोटी हुलाकको स्थापना हुनेछ। पाँचौं योजनामा पनि छोटी हुलाकको विस्तार गरिने छ। यस अनुसार योजना अवधि भित्र विभिन्न स्थानमा गरी जम्मा ३२ वटा छोटी हुलाक खोल्ने लक्ष्य राखिएको छ।

#### २. अतिरिक्त हुलाकः

अतिरिक्त हुलाक अर्ध सरकारी हुलाक हो। हुलाक सेवा विकासमा अतिरिक्त हुलाकको सबै भन्दा महत्वपूर्ण स्थान छ। अतिरिक्त हुलाकले बढीमा ३ कोष क्षेत्रफलमा ६ हजार जनतालाई हुलाक सेवा पुऱ्याउने काम गर्दछ।

चौथो योजनाको अन्त्य सम्ममा जम्मा ७०१ अतिरिक्त हुलाकहरुको व्यवस्था हुने अनुमान छ। अतिरिक्त हुलाकलाई पाँचौं योजनामा पनि महत्व दिइएको छ। पाँचौं योजना अवधिभरमा अधिराज्यको विभिन्न स्थानमा गरी जम्मा ३१६ वटा अतिरिक्त हुलाक स्थापना गर्ने लक्ष्य राखिएको छ।

#### ३. डाँक रेखा विस्तारः

नेपालको प्रशासन र विकास कार्यहरुको लागि छिटो र सोझो मार्गबाट चिठ्ठीपत्रहरु प्राप्त हुनु अति आवश्यक छ। यसले खास गरी दुई जिल्लाको सदरमुकामहरुलाई लघुतम दूरी कायम हुने गरी डांक आदान प्रदानमा छिटो छरितोपन ल्याउने छ।

चौथो योजनाको अन्त्य सम्ममा जम्मा ६२ वटा डांक रेखाको व्यवस्था हुन सक्ने अनुमान गरिएको छ। पाँचौं योजना अवधि भित्र थप जम्मा १५ डांक रेखाको विस्तार गर्ने लक्ष्य राखिएको छ।

## ४. डाँक परिवहनः

उपलब्ध साधनद्वारा डांक परिवहनमा द्रुतता ल्याउन हवाई जहाज चल्ने ठाउँमा हवाईजहाजद्वारा, राजमार्ग निर्माण भएका ठाउँमा मोटर आदिद्वारा र पैदल चलाउन पर्ने ठाउँमा पनि तोकिएको समय सारिणी अनुसार डांक आदान प्रदानमा द्रूतगति ल्याउने व्यवस्थाको साथै चिठ्ठीपत्रको सङ्कलन र डेलीभरीमा शीघ्रता ल्याउन हुलाकहरुमा स्कूटर भ्यान तथा साइकलहरुको समेत व्यवस्था गरिने छ।

पाँचौं योजना अवधिभरमा हुलाकलाई सुहाउँदो ३० नयाँ भवन निर्माण गर्ने व्यवस्था गरिएको छ। साथै आवश्यकताको आधारमा ६ स्थानमा भवन विस्तार गरिने छ।

## ५. आन्तरिक धनादेश सेवाः

नेपाल अधिराज्यको सबै जिल्लाहरुमा बैंक सेवा नभएको हुँदा एक जिल्लाबाट अर्को जिल्ला तथा एक स्थानबाट अर्को स्थानमा रकम आदान प्रदान गर्ने जस्ता कार्यहरुमा आन्तरिक धनादेश सेवाले विशेष महत्व राख्दछ। हुनत आन्तरिक धनादेश सेवा उपलव्ध गर्ने तर्फ विगत योजनाकालमा कार्य प्रारम्भ गरिएको थियो। यस अनुसार चौथो योजनाको अन्त सम्ममा १४ अञ्चलका मुख्य मुख्य हुलाकहरुबाट धनादेश सेवा उपलव्ध गरिएको थियो। पाँचौं योजनामा यस सेवालाई अझ विस्तार गर्दै लग्ने नीति अनुरुप थप ४५ जिल्लाहरुमा सेवा उपलव्ध गर्ने लक्ष्य रहेको छ। साथै भारतमा वसेका नेपालीहरुलाई आफ्नो पैसा नेपालमा पठाउन र नेपालमा रहेका आफन्तहरुबाट भारतमा पैसा पठाउन नेपाल-भारत बिच धनादेश सेवा सञ्चालन गरिने छ।

## ६. बचतकोष सेवाः

हुलाक सेवा अन्तर्गत सञ्चालन हुने वित्तीय सेवाहरुमध्ये बचतकोष सेवा पनि एक प्रमुख भएकोले अधिराज्यका विभिन्न २५ ठाउँका हुलाकमा सानो तिनो रकम बचत गर्न चाहनेका लागि बचत कोष सेवा चलाउने कार्यक्रम राखिएको छ।

## ७. अन्तर्राष्ट्रिय सेवाः

यसमा विश्व हुलाक संघको पुलिन्दा सेवा सम्झौतामा प्रवेश गरी आवश्यक र उपयुक्त देखिएका देशहरुसंग सीधा पुलिन्दा सेवा चालु गरिने छ।

## ८. हुलाक प्रशिक्षणः

हुलाक सेवा पनि प्राविधिक किसिमको हुँदा यसमा तालीम प्राप्त कर्मचारीको नितान्त आवश्यक छ। सो को लागि हुलाकका कर्मचारीहरुलाई वैज्ञानिक प्रशिक्षण दिई तिनीहरुको कार्य क्षमतामा वृद्धि गर्नुपर्ने भएकोले योजना अवधि भरमा राजपत्र अनंकित प्रथम श्रेणी सम्मका ५०० कर्मचारीहरुलाई प्रशिक्षण दिने व्यवस्था गरिएको छ।

## (च) खर्च व्यवस्थाः

हुलाक सेवाको लागि चाहिने खर्चको विवरण तल प्रस्तुत गरिएको छ।

| | | (रकम रु. हजारमा) |
|---|---|---|
| आयोजना | न्यूनतम कार्यक्रमका लागि रकम | अधिकतम कार्यक्रमको लागि थप रकम |
| १. छोटी हुलाक | ९१८ | - |
| २. अतिरिक्त हुलाक | २३१७ | - |
| ३. डाँक रेखा विस्तार | २६३ | - |
| ४. डाँक परिवहन | २७२ | - |
| ५. भवन निर्माण | ३००० | - |
| ६. धनादेश सेवा | ७२३ | - |
| ७. बचत कोष सेवा | १०६ | - |
| ८. अन्तर्राष्ट्रिय सेवा | १५०० | - |
| ९. हुलाक प्रशिक्षण सेवा | ९०० | - |
| कुल जम्मा | १०००० | - |

## अनुसूची नं. १

## हुलाक सेवा सम्बन्धी पाँचौ योजना (२०३२ – ३७) को कार्यक्रम

| आयोजनाको नाम | स्थान | आयोजनाको स्थिति | भौतिक लक्ष्य | आयोजनामा लाग्ने खर्च रु. ००० मा | कैफियत |
|---|---|---|---|---|---|
| १. छोटी हुलाक | अधिराज्यका विभिन्न स्थानहरु | नयाँ | १ स्थापना ३२ वटा पुरा गर्ने | ९१८ | |
| २. अतिरिक्त हुलाक | " | " | १ स्थापना ३१६ वटा पुरा गर्ने | २३१८ | |
| ३. डाँक रेखा विस्तार | " | " | १ स्थापना १५ रेखा विस्तार पुरा गर्ने | २६३ | |
| ४. डाँक रेखा परिवहन सुधार | " | सालवसाली | निम्न डाँक परिवहन साधन उपलब्ध गर्ने<br>१. स्कुटर भ्यान १० वटा<br>२. साइकल २२५ वटा | २७२ | |
| ५. भवन निर्माण तथा विस्तार | अधिराज्यको विभिन्न स्थानहरुमा | नयाँ | १. हुलाक भवन निर्माण ३० वटा<br>२. हुलाक भवन विस्तार ६ वटा | ३००० | |
| ६. धनादेश सेवा | " | नयाँ | आन्तरिक तथा बाह्य धनादेश सेवा उपलब्ध गर्ने।<br>क. आन्तरिक धनादेश सेवा ४५ जिल्लामा उपलब्ध गर्ने<br>ख. अन्तर्राष्ट्रिय धनादेश सेवा नेपाल-भारतबीच सेवा उपलब्ध गर्ने | ७२३ | यसको रकम अन्तर्राष्ट्रिय सेवामा समावेश गरिएको छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. बचत कोष सेवा | अधिराज्यको विभिन्न स्थानहरुमा | नयाँ | १ बचतकोष सेवा २५ विभिन्न स्थानहरुमा उपलब्ध गर्ने | १०६ | |
| ८. अन्तर्राष्ट्रिय सेवा | " | नयाँ | १. पुलिन्दा सवा<br>क. विभिन्न हुलाक संघका पुलिन्दा सेवा सम्झौतामा प्रवेश गर्ने<br>ख. विभिन्न मुलुकुहरुसित सिधा पुलिन्दा सेवा चालु गर्ने | १५०० | |
| ९. हुलाक प्रशिक्षण | काठमाडौँ | सालबसाली | हुलाक प्रशिक्षण ५०० व्यक्तिलाई उपलब्ध गर्ने | ९०० | |
| कुल जम्मा | | | | १०००० | |